| | |
|---|---|
| ऐन संख्या | |

# घरपझोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०७७|०३|०९ |

घरपझोङ गाउँपालिका
मुस्ताङ जिल्ला
गण्डकी प्रदेश

# घरपझोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७

प्रमाणीकरण मितिः २०७७।०३।१०

२०७७ सालको ऐन नं. २

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घरपझोङ गाउँपालिकाको छैटौं गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम **घरपझोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,** २०७७ रहेकोछ ।

(२) यो ऐन गाउँपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले घरपझोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ सम्झनु पर्छ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले घरपझोङ गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले घरपझोङ गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँ सभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले आफ्नो सवै काम सुचारु रुपले सम्पादन गर्न र विभिन्न विषय क्षेत्रगत कार्य जिम्मेवारी निर्वाह गर्न, विषय क्षेत्रगत इकाईहरुले अपनाउनु पर्ने सबै प्रशासकीय विषयका कार्यविधि नियमित गर्नको निमित्त गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा गाउँ कार्यपालिकाले संघीय तथा प्रदेश ऐन वमोजिमका विषयमा समेत आवश्यकता अनुसार नियम बनाई लागू गर्न सक्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान तथा ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

**५. बचाउः** यो ऐन प्रारम्भ हुनुपूर्व गाउँ कार्यपालिकाद्वारा बनाई लागू गरिएका नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड आदि यसै ऐन बमोजिम भएको मानिनेछ ।